## १.सूचीकरण र योगदान रकम संकलन

सामाजिक सूरक्षा कोषबाट हाल सञ्चालनमा ल्याइएका योजनाहरू औपचारिक क्षेत्रभित्र नीजि क्षेत्रलाई मात्र समेटिएकाले अन्य क्षेत्रमा समेत चरणबद्ध रूपमा प्रवेश गर्नु संवैधानिक र कानुनी मार्गदर्शन रहेको देखिन्छ । सामाजिक सुरक्षा योजनाहरूको कार्यान्वयनको अनुभव र परिपक्वतासँगै भविष्यमा सबै क्षेत्रमा सामाजिक सुरक्षा योजनाहरू कोषबाटै सञ्चालन हुने योगदानमा आधारित सामाजिक सुरक्षा ऐनले पथप्रदर्शित गरेको छ।

सामाजिक सुरक्षा कोषमा सूचीकरण हुनका लागि सम्बन्धित रोजगारदाता सर्वप्रथम सूचीकृत हुनुपर्ने हुन्छ । तत् पश्चात् आफू अन्तर्गत श्रम सम्बन्ध कायम भएका सबै श्रमिकहरूको सूचीकरण गर्नुपर्दछ । वि. स.२०७५ मंसिर ११ गते देखि संगठित निजि क्षेत्रका प्रतिस्ठान र श्रमिकहरुलाई सामाजिक सुरक्षा कोषमा सूचिकृत गर्ने र वि.स. २०७६ श्रावण ०१ देखि योगदान रकम संकलन गर्ने कार्य निरन्तर रुपमा अगाडी बढिरहेको सर्वविधितै छ | परिणामस्वरुप आ.व.२०७८/७९ तेस्रो त्रैमाषिक सम्म सूचीकरण र योगदान रकम संकलनको जम्मा प्रगति निम्नानुसार रहेको छ:

| सूचीकरण | २०७८.०९.३० सम्मको जम्मा प्रगति | आ.व.२०७८/७९ तेस्रो त्रैमाषिकको प्रगति | आ.व.२०७८/७९ तेस्रो त्रैमाषिक सम्मको जम्मा प्रगति |
|---|---|---|---|
| रोजगारदाता (जना) | १६८६७ | १६९ | १७०३६ |
| योगदानकर्ता (जना) | ३०३८६३ | २३८९६ | ३२७७५९ |
| योगदान रकम संकलन (रु) | १२१११२९२३३८६.७३ | ३१२२४१८४१२ | १५२३५३४१७९८.४ |

## २.दावी भुक्तानी विवरण

सामाजिक सुरक्षा योजना कार्यविधि अनुसार सुविधा भुक्तानी लिन अनलाइनमार्फत भुक्तानीका लागि निवेदन दिनुपर्ने र हरेक सुरक्षा योजनाको भुक्तानीका लागि अलगअलग निवेदनका ढाँचा व्यवस्था गरिएको छ । औषधी उपचार वापतको रकम अस्पताललाई नै भुक्तानी दिइने र पेन्सन, प्रसुती विदा, शिशु स्याहारलगायतका सुविधा वापतको रकम योगदानकर्तालाई बैंक खातामार्फत भुक्तानी गरिने व्यवस्था छ । तथापि आ.व.२०७८/७९ तेस्रो त्रैमाषिक सम्म संरचनात्मक तयारीका अभावले गर्दा अधिकांश दाबी भुक्तानी म्यानुअल रुपमा गरिएको छ । अनलाइन र म्यानुअल रुपमा गरिएका सम्पूर्ण दाबी भुक्तानी विवरण देहायबमोजिम रहेको छ ।

| | २०७८.०९.३० सम्मको जम्मा प्रगति | | | आ.व.२०७८/७९ तेस्रो त्रैमासिकको प्रगति | | | आ.व.२०७८/७९ तेस्रो त्रैमासिक सम्मको जम्मा प्रगति | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | दावी गर्ने व्यक्तिको संख्या | दावी संख्या | दावी भुक्तानी रकम (लाख) | दावी गर्ने व्यक्तिको संख्या | दावी संख्या | दावी भुक्तानी रकम (लाख) | दावी गर्ने व्यक्तिको संख्या | दावी संख्या | दावी भुक्तानी रकम (लाख) |
| औषधी उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना | ५०९३ | ७९४१ | ९२० | ३२८१ | ५४४३ | ६१२ | ८३७४ | १३३८४ | १५३२ |
| दुर्घटना तथा अशक्तता सुरक्षा योजना | १९० | २९० | ८२ | १५४ | २०२ | ६३ | ३४४ | ४९२ | १४५ |
| आश्रित परिवार सुरक्षा योजना | १४७ | १५७९ | १६६ | ३३ | ७९६ | ७७ | १८० | २३७५ | २४३ |
| वृद्ध अवस्था सुरक्षा योजना | ८३५२ | ८३९९ | ५१७२ | ५१०८ | ५१७७ | ३२९३ | १३४६० | १३५७६ | ८४६५ |
| जम्मा | १३७८२ | १८२०९ | ६३४० | ८५७६ | ११६१८ | ४०४६ | २२३५८ | २९८२७ | १०३८६ |

माथि उल्लेखित दाबीहरूमध्ये सबैभन्दा धैरै दाबी वृद्ध अवस्था सुरक्षा योजनामा परेको देखिन्छ । त्यसैगरी, दोस्रो, तेस्रो र चौथोमा क्रमशः औषधि उपचार स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना, दुर्घटना तथा अशक्तता सुरक्षा योजना, र आश्रित परिवार सुरक्षा योजनामा रहेका छन् ।

**३ अन्तरक्रियात्मक , सचेतना, साक्षरता र प्रचार -प्रसारका कार्यक्रमहरु** :

- स्थलगत र भर्चुअल गरि तेस्रो त्रैमासिक अवधिमा मात्र द्‌दिपक्षीय र त्रिपक्षीय गरि ५५ वटा अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न गरिएको छ |
- सामाजिक सूरक्षा कोषले संचालन गरेका सुबिधा योजना सम्बन्धि गतिबिधि समेट्ने गरि २ वटा जानकारीमूलक श्रब्य दृश्य सामग्री तयार गरि प्रसारण गरिएको |

नोट : प्रदेश न.२ अन्तर्गत बारा जिल्लाको सिमरामा माननीय मन्त्रीज्युको उपस्थितिमा आश्रित परिवार निवृतिभरण तथा शैक्षिक वृत्ति वितरण कार्यक्रम (सामाजिक सूरक्षा कोषद्वारा संचालित) मा कैद गरिएको तस्विर




JTUCC का नया पदाधिकारीहरु र सामाजिक सूरक्षा कोषबीच कोषको वर्तमान स्थिति र भाबी कार्यदिशाको बारेमा एक अन्तरक्रियात्मक कार्यक्रम



स्वास्थ्य बिमा बोर्ड र सामाजिक सूरक्षा कोषबीच सामाजिक सूरक्षाबिमासंग सम्बन्धित सेवाप्रवाह को विषयमा एक अन्तरक्रियात्मक कार्यक्रम



४. **प्रविधि मैत्री सेवा- प्रवाह** :

- सूचीकरण, रोजगारदाता र योगदान कर्तालाई प्रमाणपत्र एवं परिचयपत्र उपलब्ध गराउने कार्य, कलसेन्टरका क्रियाकलापहरु प्रबिधिमैत्री बनाउदै FACE LESS सेवा प्रबाहलाइ प्राथमिकतामा राखिएको छ |
- योगदानाकर्ताद्वारा हुने योगदानरकम संकलन Multibank-Multichannel collection API UPGRADE गरि संचालनमा ल्याइएको छ |
- सुबिधा दाबी भुक्तानी ONLINE गर्ने गरि औषधि उपचार स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना र दुर्घटना तथा अशक्तता सुरक्षा योजना अन्तर्गतका दाबी (कोषसंग MOU गरिएका १२० अस्पत्ताल मध्ये) १२ वटा अस्पत्तालबाट सेवा प्रवाह, दाबी गर्ने र दाबी भुक्तानी गर्ने कार्य निरन्तर भैरहेको छ र बाकि (OFFLINE मार्फत गरिएका) तथा आश्रित परिवार सुरक्षा योजना र वृद्ध अवस्था सुरक्षा योजना अन्तर्गतका दावी पनि कोषले ONLINE मार्फत भुक्तानी गरिरहेको छ ।

**५ .अन्य :**

- आ.व.२०७७/७८ को प्रतिफल योगदानाकर्तालाइ वितरण गरिएको ।
- गत ज्येस्ठ र अषाढ महिनामा सरकारले बितरण गर्ने भनिएको योगदानाकर्ता र रोजगारदाता कोभिड राहत रकम स्वरूप रु १ अर्व अर्थमंत्रालयबाट प्राप्त गरि वितरण गर्ने तयारि गरिएको ।
- आगामी श्रवन महिनादेखि उपलब्ध गरिने भनिएको योगदानाकर्ता सापटी को लागि आवस्यक कार्यविधि स्वीकृत भइ सापटी मार्गदर्शन समेत स्वीकृतिको  अन्तिम चरणमा रहेको छ ।